# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, फागुन ७गते २०४०साल (अतिरिक्ताङ्क ५६ (ख)

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट "श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस" को उपलक्ष्यमा वि. सं. २०४० साल फागुन ७ गतेका दिन बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीहरूप्रति शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई हर्ष लागेको छ । आजको यस ऐतिहासिक दिनमा हामी हाम्रा प्रातःस्मरणीय पूज्य जिज्यूबुबाज्यू श्री ५ त्रिभुवन तथा प्रजातन्त्र ल्याउनमा मौसूफको साथ दिने सबै नेपालीहरूको स्मरण गर्दै वीर शहीदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

२. हाम्रो व्यवस्थाले समयको गतिसँग कदम चाल्दै स्वदेशको भौगोलिक अवस्था, चालचलन र जनभावनासित सँगसँगै अघि बढ्ने चेष्टा गरेको छ भन्ने कुरामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हामीलाई शंका छैन। वास्तवमा नेपाल एक त्यस्तो देश हो जसले आफूले अपनाई आएको व्यवस्थालाई आफ्ना देशवासीको समक्ष राखी जनसमर्थन प्राप्त गरेको छ। जनइच्छा विपरीत कोरा सैद्धान्तिक अनुकरणले मात्र प्रजातन्त्र फस्टाउन सक्दैन। त्यसो हुनाले नियन्त्रण र सन्तुलनमा आधारित आवश्यक संस्थाहरूको विकास गर्दै नेपाली जनताको सुख, शान्ति र समुन्नतिको लागि हाम्रो नैसर्गिक प्रजातान्त्रिक पञ्चायत व्यवस्थालाई सुदृढ पार्दै अग्रसर हुन सकौं– यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

608